बिहीवार, मार्च 20, 2025

# St. Louis मा भएको राष्ट्रिय चलचित्र महोत्सवको प्रभावशाली जितको साथमा Cedar Grove Elementary र Tucker High चम्केका छन्

DeKalb County School District (*DCSD*) का दुई विद्यालयहरूले St. Louis, Missouri मा भएको वार्षिक APBS सम्मेलनका क्रममा आयोजना गरिएको Association for Positive Behavior Support (*APBS*) को चलचित्र महोत्सवमा महत्त्वपूर्ण जित हासिल गरेका छन् । यी सम्मानहरू Cedar Grove Elementary School ले "विद्यालय संलग्नता - *आधारभूत तह*" को शीर्षक र Tucker High School ले "*शिक्षण - उच्च विद्यालय*" को शीर्षक जितेकोले सम्भव भएको हो । APBS चलचित्र महोत्सवका सहभागीहरूको मतले दुवै जितहरू निर्धारण गर्यो ।

APBS चलचित्र महोत्सवले विद्यार्थीहरूको जीवन र संलग्नतामा यी पहलहरूको सकारात्मक प्रभावलाई जोड दिँदै चलचित्रको माध्यमबाट सकारात्मक व्यवहार हस्तक्षेप र समर्थन (*PBIS*) प्रवर्द्धन गर्ने विद्यालय र संस्थाहरूको प्रयासको उजागर र प्रशंसा गर्छ । यो वर्षको विषयवस्तु "*सम्बन्ध र सकारात्मकताको विकास*" रहेको थियो । विद्यार्थीहरूले शिक्षण र विद्यालय संलग्नता गरी दुई चलचित्र शीर्षकहरूमा PBIS का मूल सिद्धान्तहरू प्रदर्शन गर्ने चलचित्रहरू बनाउनु पर्ने थियो ।

Cedar Grove Elementary ले विद्यालयको *S.A.I.N.T.s* प्याराडाइज पहल प्रस्तुत गर्यो, जसले विद्यार्थीहरूलाई *सहयोगी, सक्रिय, स्वतन्त्र, महान् र विश्वासयोग्य (SAINT)* बन्न प्रोत्साहित गर्छ । सुपर सेन्ट' को गुणहरू भएका विद्यार्थीहरूलाई विद्यार्थीहरूले आराम गर्न र आफ्ना साथीहरूसँग रमाइलो गर्न सक्ने 'सेन्ट्स प्याराडाइज' कोठामा समय बिताउन दिइन्छ ।

Tucker High को चलचित्रले व्यवहारसम्बन्धी विद्यालयको अपेक्षालाई उजार गर्छ, विशेष गरी चमेनागृहको । विद्यालयले यी अपेक्षाहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी दिन आफ्नो मस्कट, टाइगर, प्रयोग गर्छ । *समयबद्धता, निष्ठा, सुरक्षा, संलग्नता, आदर ।*

DCSD को Division of Wrap Around Services, र विद्यार्थी सम्बन्ध हेर्ने PBIS टोलीले यी प्रतिभाशाली युवा चलचित्र निर्माताहरूलाई उनीहरूको उत्कृष्ट उपलब्धिहरूको लागि बधाई दिए !

यी लिङ्कहरू क्लिक गरेर दुवै विजेता चलचित्रहरू हेर्नुहोस्:

- Cedar Grove Elementary School
- Tucker High School

XXX